# मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम
# एम्बुलेन्स तथा यातायात खर्च वितरण सम्बन्धी कार्यविधि
# २०७८

आ.व.:- २०७८/०७९

खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
कल्याणपुर,सप्तरी

परिचय

नेपालको संबिधान,२०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।नागरिकको आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाई बर्तमान संबिधानले प्रत्याभुत गरेको छ । नेपाल सरकारले आ.ब.२०६५/०६६ देखि लागु हुने गरि उच्च रहेको नवजात शिशु तथा मातृ मृत्यु दरमा कमी ल्याउने उदेश्यले निःशुल्क प्रसुति सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको प्रतिबद्धता अनुरुप नवजात शिशु तथा मातृ मृत्यु दरमा कमी ल्याउन आमा सुरक्षा कार्यक्रम मार्फत देशभरका विभिन्न सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क रुपमा संस्थागत प्रसुति सेवा प्रदान गर्दै आईरहेकै कारणले छोटो समयमा संस्थागत प्रसुति दरमा उल्लेख्य बृद्धि भई मातृ तथा नवजात शिशु मृत्यु दरमा अपेक्षित उपलब्धीहरु हासिल भएका छन ।

बाल मृत्यु दर,शिशु मृत्यु दर तथा मातृ मृत्यु दरमा उल्लेखनिय हासिल भए तापनि नवजात शिशु मृत्यु दरमा अपेक्षाकृत उपलब्धी हासिल नभएको परिपेक्ष्यमा नेपाल सरकारले आ.व.०७२/०७३ देखि लागू हुने गरि निशुल्क नवजात शिशु उपचार कार्यक्रम कार्यान्वयनमा ल्याएको छ ।

नेपालको संविधान २०७२ को परिवर्तित संघीय संरचना अनुरुप हाल तीन तहको सरकारबाट राज्य संचालन भई रहेको अवस्था छ ।

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय तहमा रहेका नागरिकहरुलाई निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने जिम्मेबारी स्थानिय सरकारको रहेको छ । र खडक नगरपालिकाको आ.व.०७८/०७९ को बार्षिक निति तथा कार्यक्रममा मातृ स्वास्थ्य सुरक्षा एम्बुलेन्स तथा यातायात खर्च बितरण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ ।

"खडक नगरपालिकको समृद्धिको आधार,कृषि, शिक्षा, **स्वास्थ्य,** रोजगारी र भौतिक पुर्वाधार" भन्ने मुल नाराका साथ दिगो बिकासको लक्ष्य अनुरुप सेवाग्राही महिला र नवजात शिशुको स्वास्थ्य संस्थामा पहुँच बढाई संस्थागत प्रसुति सेवामा वृद्धि गरि मातृ तथा नवजात शिशु मृत्यु दरमा कमी ल्याउने उदेश्यले खडक नगरपालिका सप्तरीले **मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम एम्बुलेन्स तथा यातायात खर्च वितरण सम्बन्धी कार्यविधि निदेशिका, २०७८** जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नामः यो निर्देशिकाको नाम "**मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम एम्बुलेन्स तथा यातायात खर्च बितरण सम्बन्धी कार्यविधि निदेशिका, २०७८**" रहेको छ ।

२.प्रारम्भः यो तुरुन्त लागु हुनेछ ।

३.परिभाषा : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

**(क)"मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम एम्बुलेन्स तथा यातायात खर्च बितरण** "भन्नाले खडक नगरपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्थाहरुमा स्वीकृती प्राप्त बर्थिंग सेन्टर ( सुरक्षित प्रसुति सेवा केन्द्र) केन्द्रहरु बाट प्रदानगरिने निशुल्क प्रसुति सेवातथा प्रसुति सेवा लिन आउने सेवाग्राही महिलाहरुलाई उपलब्ध गराईने निशुल्क **एम्बुलेन्स तथा यातायात खर्च** सम्झनु पर्दछ ।

**(ख)**" प्रसुति सेवा " भन्नाले नगर भित्र रहेका आमा सुरक्षा कार्यक्रम अर्न्तगत नेपाल सरकारले तोकेको स्वास्थ्य संस्था/ बर्थिंग सेन्टरहरुबाट तालिम प्राप्त (SBA Training लिएका) स्वास्थ्यकर्मीहरु द्वारा प्रदान गरिने समान्य प्रसुति सेवालाई सम्झनु पर्दछ ।

**(ग) "सेवाग्राही"**भन्नाले आमा सुरक्षा कार्यक्रम अर्न्तगत सुरक्षित तथा निशुल्क प्रसुति सेवा एम्बुलेन्स तथा यातायात खर्च रकमको सुबिधा उपभोग गर्ने महिलालाई सम्झनु पर्दछ ।

**(घ)"एम्बुलेन्स तथा यातायात खर्च"** भन्नाले आमा सुरक्षा कार्यक्रम अर्न्तगत सेवाग्राहीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने यातायात खर्च बाहेक यस खडक नगरपालिका सप्तरी द्वारा प्रदान गरिने थप आर्थिक सुबिधालाई बुझनु पर्दछ ।

**(ङ) " आमा सुरक्षाकार्यक्रम"**भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको सरकारी स्वास्थ्य संस्था तथा नेपाल सरकार द्वारा स्वीकृती प्राप्त निजी,गैर सरकारी र शिक्षण संस्थाहरु बाट प्रदान गरिने नि:शुल्क प्रसुति सेवा र सेवाग्राही महिलालाई स्वास्थ्य संस्थामा आउन जान तोकिएको यातायात खर्च दिने सम्पुर्ण क्रियाक्लापहरुलाई बुझनु पर्दछ ।

**(च) "दक्ष प्रसुतिकर्मी ( Skilled Birth Attendant)"**भन्नाले मान्यता प्राप्त शैक्षिक संस्थाहरुबाट अ.न.मी./स्टाप नर्स/एम.बि.बि.एस.उतिर्ण गरि सम्बन्धीत परिषदमा दर्ता भएका र मान्यता प्राप्त संस्थाबाट SBA/ASBAतालिम प्राप्त स्वास्थ्यकर्मी भन्ने बुझनु पर्दछ । यस बाहेक DGO,MDGP,MD Gynae/Obsलाई पनि दक्ष प्रसुति कर्मी भन्ने बुझनु पर्दछ ।

**(छ)"स्वास्थ्य संस्था"**भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल,शिक्षण अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र तथा सुरक्षित प्रसुति सेवा प्रदानगर्ने ( बर्थिंग सेन्टर) स्वास्थ्य चौकी, नेपाल सरकारबाट मान्यता प्राप्त सुरक्षित प्रसुति सेवाप्रदान गर्ने सामुदायिक अस्पताल,मिशन असपताल, तथा निजी र गैरसरकारी स्वास्थ्य संस्था र सुरक्षित प्रसुति सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

**(ज)"सिफारिस"**भन्नाले सम्बन्धीत वडा कार्यालयले "एम्बुलेन्स तथा यातायात खर्च"उपलब्ध गराउन प्रदान गरेको सिफारिस पत्र तथा सम्बन्धीत प्रसुति सेवा केन्द्र (बर्थिंग सेन्टर) बाट सेवा प्राप्त गरेको भर्ना कागजात,डिस्चार्ज कागजात तथा जन्म प्रमाणपत्र लाई बुझनु पर्दछ

(झ)**“ईकाई मुल्य”**भन्नाले सुरक्षित प्रसुति सेवा प्रदान गर्ने सेवाग्राही महिलालाई यस निर्देशिकाको स्वीकृत दररेट (अनुसुची ३)तथा अनुसुची-१ बमोजिम उपलब्ध गराउन तोकिएको रकमको मुल्यलाई बुझ्नु पर्दछ ।

(ञ)**“स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति”**भन्नाले नेपाल सरकार अर्न्तगतका स्वास्थ्य संस्थाको हकमा सरकारले तोकेको संरचना बमोजिम गठन भएको व्यवस्थापन समिति,अस्पताल बिकास समिति लाई सम्झनु पर्दछ । निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाको हकमा उक्त संस्थाहरुको वैधानिक प्रक्रिया द्वारा गठित संचालक समिति सम्झनु पर्दछ ।

(ट) **“स्वास्थ्य शाखा”**भन्नाले नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय मातहतमा रहेको स्वास्थ्य सम्बन्धी निति तथा योजना निर्माण ,कार्यन्वयन,व्यवस्थापन,अनुगमन/निरिक्षण तथा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम तोकिएको स्वास्थ्य क्षेत्र सँग सम्बन्धीत अन्य सम्पुर्ण गतिबिधी संचालन गर्ने निकाय सम्झनु पर्दछ ।

(ठ)**“नगरपालिका”**भन्नाले खडक नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,कल्याणपुर सप्तरीलाई सम्झनु पर्दछ ।

(ड) **“वडा कार्यालय”**भन्नाले खडक नगरपालिका अर्न्तगत रहेको सम्पुर्ण ११ वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### एम्बुलेन्स तथा यातायात खर्च बितरण मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम

### सेवाग्राही महिलाले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी व्यवस्था

४)नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम अर्न्तगत सेवाग्रहीमहिलाले खडक नगरपालिका भित्र संचालनमा रहेका सुरक्षित प्रसुति सेवा केन्द्र **( Birthing Center)**हरुबाट प्रसुति सेवा लिएवापत नेपाल सरकारले उपलब्ध गराउने सेवा सुबिधा बाहेक सुत्केरी महिलाहरुलाई खडक नगरपालिका द्वारा बर्थिंग सेन्टर सम्म परयाउन थप**“एम्बुलेन्स तथा यातायात खर्च”** देहाय बमोजिम प्रदान गरिने छ ।

**(क)**यस निर्देशिका बमोजिम खडक नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्था( Birthing Center) हरुबाट सुरक्षित सामान्य प्रसुति सेवा निशुल्कउपलब्ध गराईने छ ।

**(ख)**प्रसुति सेवा प्राप्त गर्ने महिलालाई सम्बन्धित वडा कार्यालय तथा सम्बन्धित प्रसुति सेवा केन्द्रको सिफारिसमा नगर स्वास्थ्य शाखाले अनुसुची १ बमोजिमको रकम नगदै उपलब्ध गराईने छ ।

**(ग)**प्रसुति सेवा प्राप्त गरेका सेवाग्राहीमहिलाले देहाय अनुसारको कागजात पेश गरेको खण्डमा **“एम्बुलेन्स तथा यातायात खर्च”** वापतको स्वीकृत दररेट (अनुसूची-३)रकम अनुसुची १ बमोजिम प्रदान गरिने छ ।

- सम्बन्धित सेवाग्राही महिलाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- नवजात शिशुको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

- संम्बन्धित प्रसुति सेवा केन्द्रले उपलब्ध गराएको प्रसुति सेवा कार्ड वा सेवा उपलब्ध गराएको सम्बन्धीत कागजातको प्रतिलिपी

***स्पष्टीकरण:-*** मृत्यु शिशुको जन्मभएको ( **Still Birth)** खण्डमा जन्मदर्ताको प्रमाणपत्र आवश्यक पर्ने छैन । र अविवाहित नागरिकता भएको खण्डमा सम्बन्धीत वडा कार्यालयबाट नाता प्रमाणितको प्रमाण पेश गर्नुपर्ने छ ।

**(घ)**प्रसुति सेवा प्राप्त गरेका सेवाग्राही महिलाले सेवा प्राप्त गरेको ३५ (पैंत्तीस) दिनभित्र यस निर्देशिकाको दफा (५) को उपदफा (ग) बमोजिम स-प्रमाण सहित **"एम्बुलेन्स तथा यातायात खर्च"** उपलब्ध गराई पाउँ भनी नगर स्वास्थ्य शाखामा अनुसुची-२ बमोजिम निबेदन पेश गर्नुपर्ने छ ।

**(ङ)** यस निर्देशिकामा अन्यत्र जेसुकै लेखिएको भए तापनि खडक नगरपालिकाको आ.व.०७८/०७९ को नीति तथा कार्यक्रम अनुसार नगर भित्रका सम्पुर्ण प्रसुति सेवा लिने सेवाग्राही महिलाहरुलाई नगरभित्र रहेका **प्रसुति सेवा केन्द्रहरुबाट सुरक्षित प्रसुति सेवा लिएको खण्डमा** "एम्बुलेन्स तथा यातायात खर्च"वापतको रकम उपलब्ध गराईनेछ ।

**(च)** नगर भित्र रहेका सुरक्षित प्रसुति सेवा केन्द्रहरुमा सामान्य प्रसुति सेवा हुन नसकी जटिल प्रसुति सेवाका लागि नियमानुसार प्रेषण भई नेपाल सरकारले सवीकृती प्रदान गरेका अन्य प्रसुति सेवा केन्द्रहरु बाट सेवा लिएका सेवाग्राही महिलालाई समेत यस निर्देशिका बमोजिमको **"एम्बुलेन्स तथा यातायात खर्च"** प्रदान गरिने छ ।

**(छ)** यस निर्देशिका बमोजिम नगर भित्रमा स्थायी बसोबास गरि रहेका सेवाग्राही महिला वा नगर भित्रकै नागरिकको माईतमा बसेका छोरी समेतलाई प्रसुति सेवा लिए वापतको **"एम्बुलेन्स तथा यातायात खर्च"** उपलब्ध गराईने छ । तर नगरको पहिचान नखुल्ने र प्रसुति सेवा केन्द्रमा गई सुरक्षित प्रसुति सेवा नलिएका कुनै पनि सेवाग्राही महिलालाई यो सुविधा उपलब्ध गराईने छैन ।

## परिच्छेद-३

## बजेटको व्यवस्थापन तथा बितरण

५) **"एम्बुलेन्स तथा यातायात खर्च"** बितरण मातृ स्वास्थ्य सुरक्षा कार्यक्रमको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन खडक नगरपालिकाको आ.ब.०७८/०७९ को नगर सभा बाट स्वीकृत विनियोजन एवंम आर्थिक ऐन बमोजिम ,नगर कार्यपालिकाको कार्यालय कल्याणपुरले गर्नेछ ।

६)**"एम्बुलेन्स तथा यातायात खर्च"** बितरण मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम अर्न्तगत सेवाग्राही महिलाले प्राप्त गर्ने **"एम्बुलेन्स तथा यातायात खर्च"** वापतको रकम नगर कार्यपालिकाको कार्यालय,आर्थिक प्रशासन शाखा बाट अख्तियारी प्राप्त गरे पछि **नगर स्वास्थ्य शाखाका स्वास्थय शाखाको सिफारिस** मार्फत वितरण गर्नेछ ।

७)यस खडक नगरपालिका अर्न्तगत **"एम्बुलेन्स तथा यातायात खर्च"** सुविधा छिटो छरितो तथा प्रभाबकारी ढँगले संचालन गर्न गराउन रकमको आभाबले समयमा बर्थिंग सेन्टर सम्म पुरयाउन सेवाग्राहीलाई सम्बन्धित वडाका वडा प्रमुखले व्यवस्था गरि दिनुपर्ने छ । र सोको सोधभर्ना आबश्यक कागजात पेश गरेमा तत्कालै स्वास्थ्य शाखा प्रमुखको सिफारसमा भुक्तानी हुने छ ।

८)मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम अर्न्तगत **"एम्बुलेन्स तथा यातायात खर्च"** वितरणको आर्थिक व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी नगर स्वास्थ्य शाखा प्रमुखले गर्नुपर्ने छ ।

०९) मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम अर्न्तगत **"एम्बुलेन्स तथा यातायात खर्च"** वितरण कार्यक्रम अर्न्तगत नगर स्वास्थ्य शाखाले प्राप्त गरेको पेश्की रकमको चालु आ.व.को असार मसान्त भित्र कार्यविधि बमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरि पेश्की फर्छ्योट गर्नुपर्ने छ ।

१०) "एम्बुलेन्स तथा यातायात खर्च" सुत्केरी हुने महिलालाई निजको घरबाट बर्थिंग सेन्टर वा अस्पताल् सम्म पुरयाएको एकतर्फी खर्च मात्र पाउने छ । सुत्केरी पश्चात घर फर्किने एम्बुलेन्स यातायात खर्च नेपाल सरकार आमा सुरक्षा कार्यक्रममा व्यवस्था भए बमोजिम पाउने यातायात खर्च बाट उपभोग गर्न सकिने वा निजले आफै व्यर्होनु पर्ने छ । नगरपालिकाले दुईतर्फी एम्बुलेन्स तथा यातायात खर्च भुक्तानी गर्ने छैन ।

## परिच्छेद-४

## प्रचार प्रसार

११) यस निर्देशिका बमोजिम मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम अर्न्तगत **"एम्बुलेन्स तथा यातायात खर्च" बितरण** कार्यक्रमको नगर सभा सदस्य,कार्यपालिकाका सदस्य,नगर कार्यपालिकाको कार्यालय,स्वास्थ्य शाखा,नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरु ,वडा कार्यालयहरु तथा उक्त स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु,कर्मचारीहरु,म.स्वा.स्वयं.सेविकाहरु तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने स्थानिय गैर सरकारी संघ संस्थाहरु र स्थानिय रेडियो,एफ.एम.हरु मार्फत प्रचार प्रसार तथा सूचना प्रवाह गर्नुका साथै यस खडक नगरपालिकाका सम्पूर्ण जनताहरु तथा सेवाग्राहीहरुलाई जानकारी दिन यस खडक नगरपालिका अर्न्तगत ७३ वटा आमा समूहहरुमा अभिमूखीकरण गरि व्यापक जानकारी गराई प्रचार प्रसार तथा सुचना प्रवाह गरिनेछ ।

## परिच्छेद-५

## अनुगमन/सुपीरबेक्षण/मुल्याँकन/ब्यवस्थापन

१२) मातृ स्वास्थ्य सुरक्षा **"एम्बुलेन्स तथा यातायात खर्च"** बितरण कार्यक्रमको आवश्यकता अनुसार अनुगमन/सुपरीबेक्षण/मुल्याँकन तथा व्यवस्थापन नगर कार्यपालिकाको कार्यालय तथा नगर स्वास्थ्य शाखा प्रमुखले गर्नेछ ।

१३) मातृ स्वास्थ्य सुरक्षा **"एम्बुलेन्स तथा यातायात खर्च"** बितरण कार्यक्रम अर्न्तगत सम्बन्धित वडाका स्वास्थ्य संस्थाको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको संलग्नतामा सुनिश्चित गर्नु पर्नेछ ।

१४) **"खारेजी"** यस निर्देशिकामा उल्लेख गरिएका कुनै पनि दफा,उपदफाहरु नेपाल सरकारले अबलम्बन गरेको आमा सुरक्षा कार्यक्रम सम्बन्धी निती तथा कानूनको प्रतिकुल भएमा वा बाझेमा बाझेको हद सम्म उक्त दफा स्वत: खारेज हुनेछ ।

१५) **"बचाव"** यस निर्देशिकामा उल्लेखित दफा,उप दफाहरुको ब्याख्या गर्ने,संसोधन गर्ने तथा अनुसूचीहरुमा फेरबदल गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ ।

१६) यस खडक नगरपालिका क्षेत्र भित्र रहेका सरकारी तथा निजी एम्बुलेन्स संचालक तथा चालकहरु लाई **अभिमूखीकरण गरि सेवा सुचारु गराउन दुई पक्षिय सम्झौता तत्कालै गर्नुपर्ने छ ।**

१७) यो सेवा लिन सकभर सम्झौता गरिएका एम्बुलेन्सनै प्रयोग गर्नु पर्नेछ । कथन कदाचित आकस्मिक अबस्थामा सम्झौता गरिएका एम्बुलेन्स उपलब्ध नभएमा स्थानीय स्तरमा पाउने निजी तथा भाडाका गाडी प्रयोग गर्न सकिने छ । र साको व्यवस्थापन सम्बन्धीत वडा अध्यक्षले गर्नु पर्नेछ ।सम्झौता नगरिएका एम्बुलेन्स प्रयोग भएमा स्वीकृत दररेट अनुसार प्रक्रिया पुरयाई भुक्तानी गर्न बाधा पर्ने छैन

१८) यस कार्यक्रममा प्रयोग भएका निजी तथा भाडाका गाडीहरुको भुक्तानीको हकमा निर्देशिकामा उल्लेखित कागजातको साथै प्रयोग गरिएको गाडीको नवीकरण सहितको ब्लू बुक प्रतिलिपी, नवीकरण सहित चालक अनुमतिपत्र वडा कार्यालयको सिफारिस सहित पेश भएमा तत्कालै स्वास्थय शाखा मार्फत भुक्तानी हुनेछ ।

१९) मातृ स्वास्थ्य सुरक्षा "एम्बुलेन्स तथा यातायात खर्च"रकम **जिल्ला एम्बुलेन्स दररेट संग** मिल्ने गरी यस खडक नगरपालिकाले निर्देशिकाको अनुसूची-३ बमोजिमको स्वीकृत गरेको दररेट अनुसार मात्र एम्बुलेन्स तथा यातायात खर्च रकम भुक्तानी हुनेछ ।

२०) निजी तथा भाडाका गाडी प्रयोग गरेमा स्वीकृत भएको एम्बुलेन्सकै दररेट अनुसारको रकम भुक्तानी गरिने छ ।

२१) यस कार्यक्रम अर्न्तगत भुक्तानी हुने रकममा कुनै किसिमको कर लागने छैन बिल भरपाई अनुसार पुरा रकम भुक्तानी हुनेछ ।

२३) यस कार्यक्रममा भएको प्राबिधिक तथा आर्थिक प्रगातिको अभिलेख स्वास्थ्य शाखा प्रमुखले चुस्त दुरुस्त राखी प्राविधिक तथा आर्थिक प्रगतिको सामाजिक परिक्षण तथा नगर कार्यपालिका बाट अनुमोदन गर्ने गराउने स्वास्थ्य शाखा प्रमुखले गराउनु पर्नेछ ।

## परिच्छेद-६

## अनुसुची-१

# खडक नगरपालिका

## मातृ स्वास्थ्य सुरक्षा  एम्बुलेन्स तथा यातायात खर्च वितरण कार्यक्रमको ईकाई मुल्य बिबरण

| सि.न. | सेवा प्राप्त गर्ने महिलाको नाम | ठेगाना | ना.प्र.प.नं. /परिचय पत्र नं | प्रस्थान | आगमन | मिति | रकम | बुझिलिनेको दस्तखत | सेवा लिएको पटक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

सेवा लिएको पटक सुनिश्चितता तथा अनुगमन मूल्यङ्कन गरि भुक्तानीको जिम्मेवारी स्वास्थ्य शाखा प्रमुखको हुनेछ ।

अनुसुची-२

खडक नगरपालिका

मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम

## एम्बुलेन्स तथा यातायात खर्च रकम उपलब्ध गराईपाँउ वारेको निबेदन

श्री स्वास्थ्य शाखा प्रमुख ज्यू
खडक नगरपालिका,नगर कार्यपालिकाको कार्यालय
नगर स्वास्थ्य शाखा,कल्याणपुर,सप्तरी

मिति.............................

**बिषयः- एम्बुलेन्स तथा यातायात खर्चवापतको रकम उपलब्ध गराई पाँउ वारे ।**

महोदय्

प्रस्तुत बिषयमा निबेदन यो छ की खडक नगरपालिकाको स्वास्थ्य सम्बन्धी नीती तथा कार्यक्रम र मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम अर्न्तगत एम्बुलेन्स तथा यातायात खर्च बितिरण कार्यविधि निर्देशिका,२०७८ को परिच्छेद-३ को दफा (५) बमोजिम तपसिलका प्रमाणहरु सहित एम्बुलेन्स तथा यातायात खर्च रकम उपलब्ध गराई पाँउ भनी यो निबेदन पेश गरेको छु । जो आदेश......

तपसिलः-

१)..............................................
२)..............................................
३)..............................................
४)..............................................
५)..............................................
६)..............................................
७)..............................................
८)..............................................
९)..............................................
१०)..............................................

निबेदिका

नाम,थर..............................................

**ठेगानाः-**

जिल्लाः-..............................................
नगरपालिका :-..........................................
वडा नं :-.......................................
गाँउ/टोलको नाँउ :-.......................................
परिचयपत्र नं :- .......................................
दस्तखत..............................................

## अनुसुची-३

## खडक नगरपालिका

# मातृ स्वास्थ्य सुरक्षा कार्यक्रम

## एम्बुलेन्स तथा यातायात खर्च बितरण दररेट

| आगमन स्थान (Arrival) | प्रस्थान ( Departure) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं १ सिस्वा बेल्ही लगायत | वडा नं २ दुहबी लगायत | वडा नं ३ बनरझुला लगायत | वडा नं ४ पन्सेरा लगायत | वडा नं ५ खोजपुर लगायत | वडा नं ६ चकबा लगायत | वडा नं ७ कल्याणपुर लगायत | वडा नं ८ भदैया लगायत | वडा नं ९ मैनासहर्षबाहु लगायत | वडा नं १० ईनर्बाफुलबडिया लगायत | वडा नं ११ बनौली लगायत |
| खडक भित्र | १००० | १२०० | ७०० | ७०० | ५०० | ३०० | ३०० | ४०० | ५०० | ७०० | १००० |
| रुपनी | १६०० | १८०० | १३०० | १३०० | १३०० | ८०० | ९०० | १००० | ११०० | १४०० | १७०० |
| लहान | २००० | २२०० | १२०० | १२०० | ११०० | १२०० | १२०० | १२०० | १५०० | १७०० | २००० |
| रायपुर | १८०० | २००० | १४०० | १४०० | १४०० | ८०० | १३०० | १२०० | १३०० | १५०० | १८०० |
| राजबिराज | २००० | २२०० | १८०० | १८०० | १६०० | १२०० | १५०० | १५०० | १५०० | २००० | २२०० |
| जनकपुर | ४५०० | २२०० | ४००० | ४००० | ४००० | ४००० | ४००० | ४००० | ४५०० | ४५०० | ५००० |
| बिराटनगर | ५००० | ५२०० | ४६०० | ४६०० | ४५०० | ४००० | ४००० | ४००० | ४५०० | ४५०० | ५००० |
| धरान | ५००० | ५२०० | ४६०० | ४६०० | ४५०० | ४००० | ४००० | ४००० | ४५०० | ४५०० | ५००० |
| काठमाण्डौ | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७०० |
| चिवन | १३००० | १३००० | १३००० | १३००० | १३००० | १३००० | १३००० | १३००० | १३००० | १३००० | १३००० |
| विरगंज | १२००० | १२००० | १२००० | १२००० | १२००० | १२००० | १२००० | १२००० | १२००० | १२००० | १२००० |
| पोखरा | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० | १७००० |
| ईटहरी | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० |
| दमक | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० |
| सिरहा | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० |

अन्यत्रको लागि कार्यालयको निर्णय अनुसार